# ‘Lagevrio’ प्रशासन म्यानुअल

| | |
|---|---|
| उत्पादनको नाम | Lagevrio क्याप्सूल |
| सामग्री | सक्रिय सामग्री) Molnupiravir २०० मिलिग्राम (mg ) (प्रति क्याप्सूल) |
| विवरण | ओरेन्ज क्याप्सूल |
| निर्देशन / डोज | • दिनको २ डोज, ४ क्याप्सुलहरू लिनुहोस् जुन ५ दिनमा जम्मा १० डोज हुन्छ।<br>• तपाईंलाई कोभिड -१९ पुष्टि भएपछि लक्षणहरू आउन थालेको दिनबाट ५ दिन भित्र डोज सुरु गर्नुहोस्।<br>• यदि तपाई उपचारको क्रममा अस्पतालमा भर्ना हुनुभयो भने, यो औषधी सेवन जारी राख्ने कि नगर्ने निर्णय चिकित्सकमा निर्भर हुन्छ। |
| प्रभाव/लाभहरू | कोभिड-१९ पुष्टि भएका बिरामीहरू, गम्भीर लक्षणहरू विकास हुने उच्च जोखिम भएका, र हल्का/ मध्यम लक्षण देखिएका वयस्क बिरामीहरूको उपचार।<br>यद्यपि, यो अन्य कोभिड-१९ उपचारहरू प्रयोग गर्न नसक्ने वा अन्य कोरोना उपचार चिकित्सकीय रूपमा उपयुक्त नभएका बिरामीहरूको लागि प्रयोग गर्न सकिन्छ। |
| भण्डारण उपाय | कोठाको तापक्रम (१५℃ - ३०℃)मा भण्डारण गर्नुहोस्। |

## ♣ मैले "Lagevrio" कसरी लिनु पर्छ?

**सबै ४ ट्याब्लेटहरू सँगै लिनुहोस्।, ५ दिनको लागि प्रति दिन २ डोज -> जम्मा १० डोज**




- यो खानाको ख्याल नगरी, खाना आगाडी वा पछाडी, लिन सकिन्छ र ५ दिनमा कुनै अवरोध बिना जम्मा १० डोजहरू लिएर उपचारको पूरा गन महत्त्वपूर्ण छ।
- क्याप्सुल चबाउने वा काट्ने नगर्नुहोस्। कृपया ट्याब्लेटलाई सम्पूर्ण रूपमा निल्नुहोस्।
- यो १२ घण्टा को अन्तरालमा नियमित रुपमा लिनु पर्छ, त्यसैले आफ्नो जीवनशैली अनुसार सुविधाजनक समयमा पहिलो डोज लिनुहोस्। जस्तै) बिहान ९:०० बजे/ बेलुका ९:०० बजे
- 

## ♣ यदि तपाईंले आफ्नो औषधी लसमयमा लिन बिर्सनुभयो भने क गर्ने?

| ① यदि तपाईंले औषधी लिन बिर्सनुभएको १० घण्टा भन्दा कम समय भएको छ। | ② यदि तपाईंले औषधी लिन बिर्सनुभएको १० घण्टा भन्दा बढी समय भएको छ भने। |
|---|---|
| - औषधी लिन बिर्सिएको थाहा पाउने बित्तिकै औषधी लिनुहोस् र अर्को डोज पहिलाकै समय अनुसार निर्धारित समयमा लिनुहोस्।<br>- औषधी लिने समय पहिलाकै समय अनुसार कायम राख्नुहोस्। | - औषधी लिन बिर्सिएको थाहा पाएपनि बिचमा औषधी नलिनुहोस् र अर्को डोज पहिलाकै समय अनुसार निर्धारित समयमा लिनुहोस्।<br>- औषधी लिने समय पहिलाकै समय अनुसार कायम राख्नुहोस्। |
| (डोज दोब्बर नगर्नुहोस्।) | |

## ♣ Lagevrio लिनको लागि के के कुरामा सावधानीका अपनाउनु पर्छ?

1. यो औषधी लिएका व्यक्तिहरु बाट अतिसंवेदनशील रियाक्सन, एनाफिलेक्सिस (गम्भीर प्रकृतिको एलर्जी) जस्ता प्रतिक्रियाहरु आएका छन्। यदि तपाईंले यो औषधी खाएपछि अतिसंवेदनशील रियाक्सन (जस्तै दाग, सास फेर्न गाह्रो) वा एनाफिलेक्सिस (गम्भीर प्रकृतिको एलर्जी) जस्ता लक्षणहरू अनुभव गर्नुभयो भने, तुरुन्तै औषधी लिन रोक्नुहोस् र उपयुक्त उपचार सुरु गर्न तपाईंको चिकित्सा संस्थालाई सूचित गर्नुहोस्।
2. यो औषधी गर्भवती महिलाहरूले प्रयोग गर्न मिल्दैन, र सम्भावित गर्भवती महिलाहरूल आफू गर्भवती नभएको पुष्टि गरेपछि मात्र यो औषधी लिनुपर्छ। यदि तपाइँ गर्भवती हुनुहुन्छ भन्ने थाहा नपाएर यो औषधी लिनुभयो भने, तुरुन्तै रोक्नुहोस् र चिकित्सक संग सल्लाह लिनुहोस् । वैकल्पिक रूपमा, तपाईंले MSD Korea (०२ -३३१ -२००० ) मा पनि सम्पर्क गरि परामर्श लिन सक्नुहुन्छ।
3. उपचारको क्रममा, गर्भधारण गर्ने योजना बनाएका महिलाहरूले अन्तिम डोजको अवधिमा र चार दिन पछि सम्म प्रभावकारी गर्भनिरोधक प्रयोग गर्नुपर्छ, र बच्चा जन्माउने उमेरमा रहेका पुरुष (बिबाहित) पुरुषहरूले तीन महिनासम्म प्रभावकारी गर्भनिरोधक प्रयोग गर्नुपर्छ।यसबाहेक, स्तनपान गराउने आमाहरूले उपचारको क्रममा र यो औषधीको अन्तिम डोज पछि ४ दिनसम्म स्तनपान बन्द गर्नुपर्छ।
4. डाक्टरको प्रिस्क्रिप्शन बिना औषधी अरूलाई खुवाउनु धेरै खतरनाक छ र सम्बन्धित कानून अन्तर्गत दण्डनीय हुन्छ । सिद्धान्ततः यदि औषधी खाएपछि असामान्य प्रतिक्रियाहरू र लक्षणहरूका कारण औषधी लिन रोकिएको छ भने, बाँकी ट्याब्लेटहरू फिर्ता र खारेज गर्नुपछ ।

### ♣ सम्भावित साइड इफेक्टहरू के के हुन ?

| | | |
|---|---|---|
|  |  |  |
| पखाला | वाकवाकी | चक्कर |

* माथिका लक्षणहरू बाहेक, त्यहाँ अन्य साइड इफेक्ट हुन सक्छ। यदि तपाइँ यो औषधी खाए पछि कुनै साइड इफेक्ट अनुभव गर्नुहुन्छ भने, परामर्शको लागि आफ्नो फार्मासिस्ट वा चिकित्सा संस्थालाई सम्पर्क गर्नुहोस्। साइड इफेक्ट भएमा हटलाइन (1644-6223) मार्फत कोरिया इन्स्टिच्युट अफ ड्रग सेफ्टी एन्ड रिस्क म्यानेजमेन्ट (KIDS)मा रिपोर्ट गर्नुहोस्।

- थप जानकारीको लागि, कोरिया रोग नियन्त्रण र रोकथाम एजेन्सी (www.kdac.or.kr) वा स्थानीय स्वास्थ्य केन्द्रको आधिकारिक वेबसाइटमा जानुहोस्।

대한약사회 THE KOREAN PHARMACEUTICAL ASSOCIATION

대한약사회 환자안전약물관리본부

한국의약품안전관리원